# तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७६ साल मंसिर ०३ गते मंगलवार)

**आदरणीय सेयरधनी महानुभावहरु,**

मुक्तिनाथ विकास बैंक लि.को सञ्चालक समितिको २१८ औं बैठकको निर्णय अनुसार यस विकास बैंकको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि, यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७६ मंसिर ३० गते, सोमवार (तदनुसार डिसेम्बर १६,२०१९)

**समय** : बिहान ११ बजे ।

**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दी, विरौटा, पोखरा, कास्की ।

## छलफलका विषयहरु :

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७५/७६ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७६/७७ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ०.९३ प्रतिशत (बोनस सेयरको कर प्रयोजनार्थ) ले हुन आउने रकम रु. ३,४०,६७,२२८/- (अक्षरेपी तीन करोड चालीस लाख सतसठ्ठी हजार दुई सय अठ्ठाइस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. विकास बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीको तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना, र सर्वसाधारण सेयरधनीको तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. यस विकास बैंकको अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (अक्षरेपी पाँच अर्ब रुपैयाँ मात्र) पुर्‍याउने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्त पूँजी रु.३,०६,४७,६०,१२३/- (अक्षरेपी तीन अर्व छ करोड सत्चालीस लाख साठी हजार एक सय तेइस मात्र) को बाह्रौं वार्षिक साधारण सभाबाट पारित २० प्रतिशत हकप्रद सेयर बितरणबाट हुन आउने रकम रु. ६१,२९,५२,०२५/- (अक्षरेपी एकसठ्ठी करोड उनन्तीस लाख बाउन्न हजार पचीस मात्र) समेत गरी कायम हुन आउने जारी तथा चुक्ता पूँजी रु. ३,६७,७७,१२,१४८/- (अक्षरेपी तीन अर्ब सत्सठ्ठी करोड सतहत्तर लाख बाह्र हजार एक सय अड्चालीस मात्र) को १७.६० प्रतिशतका दरले हुन आउने रकम रु. ६४,७२,७७,३३८/- (अक्षरेपी चौसठ्ठी करोड बहत्तर लाख सतहत्तर हजार तीन सय अडतीस मात्र) वोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

३. विकास बैंकको चुक्त पूँजी रु.३,०६,४७,६०,१२३/- (अक्षरेपी तीन अर्व छ करोड सत्चालीस लाख साठी हजार एक सय तेइस मात्र) र बाह्रौं वार्षिक साधारण सभाबाट पारित २० प्रतिशत हकप्रद सेयर रकम रु. ६१,२९,५२,०२५/- (अक्षरेपी एकसठ्ठी करोड उनन्तीस लाख बाउन्न हजार पचीस मात्र) समेत गरी बैंकको जारी तथा चुक्ता पूँजी रु. ३,६७,७७,१२,१४८/- (अक्षरेपी तीन अर्ब सत्सठ्ठी करोड सतहत्तर लाख बाह्र हजार एक सय अड्चालीस मात्र) बाट १७.६० प्रतिशत बोनस सेयर बितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.४,३२,४९,८९,४८६/- (अक्षरेपी चार अर्ब बत्तीस करोड उनन्पचास लाख उनान्नब्बे हजार चार सय छयासी मात्र) पुर्‍याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

४. प्रबन्धपत्रको दफा ४ अन्तर्गत वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने :
४ (कछ) सामूहिक लगानी कोष (म्यूचुअल फण्ड) स्थापना गरी कोष प्रवर्द्धकको रुपमा कार्य गर्ने ।

५. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता, दैनिक भत्ता तथा भ्रमण खर्च लगायत सुविधा बृद्धि/थप गर्ने र सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

६. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (एक्विजिशन)/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैकमा निवेदन दिने, सम्पत्ति दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्वन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

७. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

८. विविध :

*द्रष्टव्य: तेह्रौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०७६ मंसिर २३ गते, सोमवारदेखि २०७६ मंसिर ३०, गते सोमवारसम्म यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।*

सञ्चालक समितिको आज्ञाले
**डण्डपानी ढकाल**
(कम्पनी सचिव)

## तेह्रौं बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :

१. तेह्रौं वार्षिक साधारण सभालाई ध्यानमा राखी, मिति २०७६ मंसिर २३ गते, सोमवारदेखि २०७६ मंसिर ३० गते, सोमवारसम्म विकास बैंकको सेयरधनी दर्ता किताब बन्द (Book Closed) रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७६ मंसिर २२ गते सम्म कारोबार भई, प्रचलित कानून बमोजिम यस विकास बैंकको सेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि.(Muktinath Capital Ltd.) थापाथली, काठमाण्डौमा, प्राप्त सेयर नामसारीको लिखतको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरुले सो सभामा भाग लिन, साथै बोनश तथा नगद लाभांश प्राप्त गर्नेछन् । साथै २० प्रतिशत हकप्रद सेयर निष्काशनको क्रममा बिक्री नभई लिलाम प्रक्रियामा रहेको ४,०३,२२०.२५ कित्ता सेयरले समेत १३ औं वार्षिक साधारण सभाबाट पारित हुने वोनस सेयर प्राप्त गर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने सम्पूर्ण सेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न सेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन विहान ०९:०० बजे देखि खुल्ला रहनेछ ।

४. छलफलका विषयहरु मध्ये, विविध शिर्षक अन्तर्गत कुनै प्रस्ताव भएमा, छलफल गर्न इच्छुक सेयर धनीले, साधारण सभा हुनुभन्दा ७ (सात) दिन अगावै, छलफलको विषयको जानकारी, कम्पनी सचिव मार्फत, सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

५. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने सेयरधनीहरुले, प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा, प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी, सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा आगावै, अर्थात मिति २०७६ मंसिर २८ गते दिनको ११:०० बजे भित्र बैंकको केन्द्रीय कार्यालय काठमाण्डौ प्लाजा, कमलादी काठमाण्डौमा दर्ता गराई सक्नु पर्ने छ। बैंकको सेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी ब्यक्तिलाई आफ्नो सेयर बिभाजन गरी, तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिएको प्रोक्सी बदर हुने छ ।

६. प्रोक्सी नियुक्त गरी सक्नु भएको सेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा दिईसकेको प्रोक्सी स्वत: बदर हुने छ ।

७. एकै सेयरधनीले एक भन्दा बढी प्रोक्सीहरु दिइसकेको अवस्थामा यस अघि दिइएका सवै प्रोक्सी बदर गरी पछिल्लो प्रोक्सीलाई मान्यता दिइयोस भनी छुट्टै पत्र लेखी, ४८ घण्टा अगावै अर्थात, २०७६ मंसिर २८ गते दिनको ११:०० बजे भित्र दर्ता गराएको अवस्थामा, अघिल्ला प्रोक्सीहरु स्वत: बदर भएको मानी, पछिल्लो प्रोक्सी लाई मान्यता दिइने छ ।

८. नावालक सेयरधनीको सन्दर्भमा, सेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिले मात्र संरक्षकको हैसियतले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न समेत सक्नु हुनेछ ।

९. साधारण सभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय का.म.न.पा.-२८, काठमाण्डौ प्लाजा, कमलादी काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध छ ।

***पुनश्चः*** *कम्पनीको आर्थिक विवरण, सेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाइएको छ। साथै कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन, सेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा.-२८, काठमाण्डौ प्लाजा, कमलादी काठमाण्डौमा तथा यस विकास बैंकको सेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि. ट्रेड टावर, थापाथली, काठमाडौंमा आई, निरीक्षण गर्न र प्राप्त गर्न सक्ने ब्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ। आर्थिक विवरण लगायत वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website: www.muktinathbank.com.np मा हेर्न सक्नुहुनेछ ।*


"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu, Tel: 01-4168683 (Hunting Line), Fax No. 01-4168684
Toll Free No.: 16600149999, Fax: 01-4168684, E-mail:info@muktinathbank.com.np, www.muktinathbank.com.np


**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**